आज मिति २०८२।०९।११ गतेका दिन बिहान ८:०० बजे यस गण्डकी गाउँपालिकाको कार्यालय, भूम्लिचोकमा १४७ औं कार्यपालिका बैठक गाउँपलिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा तथा निम्न पदाधिकारीहरुको उपस्थितीमा सम्पन्न भयो । उपस्थिती तथा निर्णय देहाय बमोजिम रहेको छ ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्तीमाया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १७ | श्री तुलसी राम आचार्य | प्रमुख प्रशासकिय अधिकृत | |
| | | | |
| | | | |

अध्यक्ष

निर्णयहरु

**प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।**

निर्णय नं १ : गाउँ कार्यपालिकाको १४६ औं बैठकबाट पारित निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा आजको यस बैठकमा समिक्षात्मक छलफल भई जानकारी भयो। उक्त सम्बन्धमा, गाउँपालिकाबाट गरिने विकास तथा सेवा प्रवाहको कार्यलाई छिटो छरितो, गुणस्तरीय, प्रभावकारी तथा तिब्रताका साथ कार्यन्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ : भगवती मा.वि. र फुर्के डाडा खाने पानि योजना को लागत रकम साझेदारी गर्ने सम्बन्धमा ।**

निर्णय नं.२ जिल्ला समन्वय समिति गोरखा बाट संचालन गरिने गण्डकी गाउँपालिका वडा नं. ५ को भगवती मा.वि.को भवन निर्माण योजान तथा गण्डकी गाउँपालिका वडा नं. १ अन्तरगत तल्लो फुर्के डाडा खाने पानि योजनाको आवश्यक पर्ने रकम साझेदारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : IEE भइ ठेक्का नलागेका घाटहरुको ढुङ्गा, गिटी, वालुवा सम्बन्धमा ।**

निर्णय नं.३ गण्डकी गाउँपालिका स्थित विभिन्न वडामा रहेका बिभिन्न घाटहरुको ढुङ्गा, गिटी, वालुवा ठेक्का लगाउने सम्वन्धी विभिन्न मितिमा तपशिल सुचना प्रकासन गर्दा समेत ठेक्कामा नलागेका हुदा IEE प्रतिबेदन अनुसार सम्बन्धित घाटहरुको परिमाण गण्डकी गाउँपालिकाले निर्धारण गरेको दररेट अनुसार राजश्व रकम लिइ उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| घाटहरुको नाम | IEE अनुसार परिमाण(घ.मी.) | सुचना प्रकाशन मिति | सुचना प्रकाशन पटक | कैफियत |
|---|---|---|---|---|
| बुढीगण्डकी नदी (घौसुर खोला) | १०४६५ | २०८२/०५/२३<br>२०८२/०७/०२<br>२०८२/०८/०२ | प्रथम<br>दोस्रो<br>तेस्रो | |
| खानीखोला | ६६३ | | | |
| बुढीगण्डकी नदी (छोटेटार घाट) | १४२५० | | | |
| बुढीगण्डकी नदी (कौदी घाट) | ११५४३ | | | |
| बुढीगण्डकी नदी (चालिसे घाट) | १६६७ | | | |
| बुढीगण्डकी नदी (कालिकाटार घाट) | ८२६५ | | | |

**प्रस्ताव नं ४ पशु विमा कार्यक्रम स्वीकृत वजेट रकमान्तर सम्बन्धमा ।**

निर्णय नं.४ पशु विमा कार्यक्रम अन्तरगत विनियोजित रकम रु ५,००,०००।– (अक्षरुपी पाँच लाख) आगामी हुने गाउँ सभा वाट रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ गण्डकी गाउँपालिकाको करार शिक्षक नियुक्ति कार्यविधि,२०७४ संशोधन सम्बन्धमा ।**

निर्णय नं.५ गण्डकी गाउँपालिकाको करार शिक्षक नियुक्ति कार्यविधि,२०७४ तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

परिच्छेद ४

विषय विज्ञको व्यवस्था

२९. शिक्षक नियुक्तिका लागि गाउँपालीकाले निम्न प्रकृया पुरा गरि विषय विज्ञ सूचिकृत गर्ने छ । विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायि शिक्षकहरुबाट निवेदन माग गरि योग्य व्यक्तिहरुलाई विषय विज्ञको रुपमा सूचिकृत गरिने छ ।

(क) आधारभुत तहको शिक्षक छनौटका लागि विज्ञमा सुचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छः- १. आधारभुत तह अन्तरगत कम्तिमा प्रा.वि.,नि.मा.वि. तहमा स्थायि नियुक्ति भै १० वर्ष सेवा गरेको शिक्षक

२. शिक्षा विषयमा स्नातक तह उतिर्ण भएको वा अन्य विषयमा स्नातक गरि तालिम प्राप्त शिक्षक

(ख) माध्यमिक तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :-

१. माध्यमिक तह अन्तरगत कम्तिमा मावि तहमा स्थायि नियुक्ति भै स्थायी ७ वर्ष सेवा गरेको विषय शिक्षक,

२. शिक्षा विषयमा स्नातकोत्तर तह उतिर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उतिर्ण गरि माध्यमिक शिक्षिक हुनका लागि तालिम प्राप्त शिक्षक

**प्रस्ताव नं ६ विविध ।**

**निर्णय नं.६.१** गण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को १९ औ हिउदे गाउँ सभाको बैठक गण्डकी गाउँपालिकाको सभा हल तोमनडाँडामा पौष २४ गते बस्ने निर्णय गरियो ।

**६.२ अध्ययन बिदा स्वीकृत सम्बन्धमाः** गण्डकी गाउँपालिकाको वडा नं १ को मकैसिङ प्राथमिक स्वास्थ केन्द्रमा कार्यरत ल्याव असिस्टेन्ट भिमसेन बुढा मगर र अ.हे.ब (साहेक चौथो) अनिल कुमार यादव अध्ययन प्रयोजनको लागि गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११को उपनियम ४ र ८ बमोजिमको ४ वर्ष अवधिको अध्ययन बिदा माग गरेकोमा निजको ३ बर्ष अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो । साथै निज कार्यालयमा उपस्थित नहुँदासम्मको लागि सो दरबन्दीमा करार कर्मचारी नियुक्त गरी सेवा निरन्तरता दिने निर्णय गरियो ।

**६.३ विज्ञापन सम्बन्धमाः** यस गण्डकी गाउँपालिकामा विगतमा विज्ञापन भएको समय धेरै भएको कारण जनस्वास्थ्य अधिकृत र मनोसामाजिक परामर्शकता पदको लागि पदपुर्ति सम्बन्धमा दरखास्त आबेदन ७ दिन म्याद थप गर्ने र मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रमा डार्करुम असिस्टेन्ट पदपुर्तिका लागि नयाँ दरखास्त आबेदन गर्ने निर्णय गरियो ।

| क्र.स. | पद | तह | पुर्व विज्ञापन मिति | विज्ञापन समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकता | सहायक स्थर पाँचौ | २०८२/०५/०५ | एक हप्ता | विभिन्न आन्दोलन भएका कारण लामो समय स्थगीत पुनः म्याद थप |
| २. | जनस्वास्थ्य अधिकृत | अधिकृत स्थर सातौ | २०८२/०५/११ | | |
| ३. | डार्करुम असिस्टेन्ट | सहायक स्थर चौथो | - | १५दिन | रिक्त |
| ४. | ल्याब असिस्टेन्ट | सहायक स्थर चौथो | - | १५दिन | अध्ययन विदामा बसेको |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिलिजा (साकार)
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | उद्यम विकास सहजकर्ता | सहायक स्थर चौथो | - | १५दिन | रिक्त |
| ६. | अ.हे.ब | सहायक स्थर चौथो | - | १५ दिन | असाधारण विदामा बसेको |

<u>६.४ क्रसर उद्योग संचालन सम्बन्धमाः</u> श्री एम. एस. महालक्ष्मी-सिरानचोकजे.भी,वानेश्वर,काठमाडौं,नेपाल र खानेपानी तथा ढल व्यवस्थापन कार्यालय वेसिशहर विच मिति २०८२/३/१३ गते सम्झौता अनुसार गण्डकी गाउँपालिका वडा नं. ५ अन्तरगत Darbung Water Supply Project निर्माण कार्य संचालनमा रहेकोले गण्डकी गाउँपालिका वडा नं. ५ स्थित घउसुर खोलामा अस्थाई क्रसर उद्योग संचालन गर्न पाँउ भनि सिरान्चोक कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सिरान्चोक गाउँपालिका वडा नं. ७, गोरखाले माग गरेको हुदा उक्त कन्ट्रक्सन लाई योजना कार्यन्वयन अवधि भर (२०८४/०३/१३) सम्मका लागी अवश्यक पकृया पुरा गरी अस्थाई क्रसर उद्योग संचालन गर्न दिने निर्णय गरियो ।

<u>६.५कर संकलन सम्बन्धमाः</u> गण्डकी गाउँपालिका क्षेत्रभित्र संघीय प्रादेशकि तथा अन्य निकायवाट संचालन भएका योजनाहरुको भुक्तानी गर्नुपुर्व उक्त योजनाहरुमा प्रयोग भएका (दहत्तर वहत्तरकर) ढुङ्गा, गिटि, वालुवाको अनिवार्य राजश्व वुझाउन लगाउने र सम्बन्धित कार्यालयसंग सहजीकरणका लागी समन्वय गर्न पत्राचार गर्ने

. निर्णय गरियो ।

<u>६.६ जग्गाको वर्गिकरण मापदण्ड सम्बन्धमाः</u> गण्डकी गाउँपालिका अन्तरगत विभिन्न वडामा तपसिल अनुसारका जग्गा वर्गिकरण गर्दा फरक परेको ले उक्त जग्गाहरु स्थानिय भू-उपयोग परिषदवाट निर्णय गराई जग्गाको वर्गिकरण मापदण्ड अनुसार परिवर्तन गर्ने निर्णय गरियो ।

| क्र.स | जग्गा धनीको नाम | साविक जग्गाको विवरण | कित्ता नं (क्र.स) | हालको वर्गीकरण | परिवर्तन पछिको वर्गीकरण | क्षेत्रफल क्र.स (रोपनीमा) | परिवर्तनको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | यान प्रसाद ढकाल | वडा नं ४ फुजेल कृषि क्षेत्र | ६४३<br>६७४ | वन क्षेत्र | कृषि क्षेत्र | २-४-१-२<br>४-९-०-३ | कृषिको लागि आवश्यक | |
| २. | शिव प्रसाद रेग्मी | वडा नं १ फुजेल आवासीय क्षेत्र | ४३५<br>२८७१<br>३१५९<br>३४०६<br>३८१ | कृषि, नदी,खोला,ताल | आवासीय क्षेत्र | ८-०-३-३<br>२-१५-२-०<br>०-९-०-०<br>०-४-१-१<br>२-०-०-० | वसोवासको लागि आवश्यक | |
| ३. | विर वहादुर भण्डारी | वडा नं १ फुजेल आवास | ६८४ | वन क्षेत्र | आवासीय क्षेत्र | ४-१०-२-३ | वसोवासको लागि आवश्यक | |
| | मैञा देवी | वडा नं १ | ९२३ | वन | आवासीय | ५-१०-०-१ | वसोवासको | |

गण्डकी गाउँ कार्यपालिकाको कार्यालय

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | भण्डारी | फुजेल आवासीय क्षेत्र | | | | | लागि आवश्यक | |
| ५. | बुद्दी बहादुर बि.क | वडा नं ९ घ्याल्चोक आवासीय क्षेत्र | १८८ | खानी तथा खनिज | आवासीय | २-४-१-१ | वसोवासको लागि आवश्यक | |
| ६. | कपिल देब भुजेल | वडा नं ९ घ्याल्चोक आवासीय क्षेत्र | १५९४<br>१७१९<br>३२६५ | खानी तथा खनिज | आवासीय | १-१०-३-२<br>४-०-०-०<br>१-९-१-० | वसोवासको लागि आवश्यक | |
| ७. | सुन्दरी भुजेल | वडा नं ९ घ्याल्चोक आवासीय क्षेत्र | ३२६६ | खानी तथा खनिज | आवासीय | १-९-१-० | वसोवासको लागि आवश्यक | |
| ८. | सुर्य बहादुर खतिवडा | वडा नं ९ घ्याल्चोक कृषि क्षेत्र | ३५९२ | सार्वजनिक क्षेत्र | कृषि | ०-१३-१-२ | कृषिको लागि आवश्यक | |
| ९. | डम्बर बहादुर कामी | वडा नं ७ दर्बुंग आवासीय क्षेत्र | १४३७ | खानी तथा खनिज | कृषि | ०-५-०-० | कृषिको लागि आवश्यक | |
| १०. | बिर बहादुर प्रजा | वडा नं ५ घ्याल्चोक कृषि क्षेत्र | ११४०<br>११४२<br>११३७<br>११४४<br>११४३ | अन्य क्षेत्र | कृषि | २-८-३-०<br>०-१३-२-३<br>७-९-०-१<br>०-१०-३-२<br>१-०-३-१ | कृषिको लागि आवश्यक | |
| ११. | बिष्णु प्रसाद रिजाल | वडा नं ५ घ्याल्चोक कृषि क्षेत्र | ९३ | सावर्जनिक क्षेत्र | कृषि | १-१५-१-२ | कृषिको लागि आवश्यक | |
| १२. | दल बहादुर गुरुङ<br>जग बहादुर गुरुङ<br>खंग बहादुर गुरुङ | वडा नं १ भुम्लिचोक आवासीय क्षेत्र | ४८८ | वन क्षेत्र | आवासीय | ४-९-३-३ | वसोवासको लागि आवश्यक | |

<u>**६.७ परियोजना सञ्चालन अनुमति सम्बन्धमा :**</u> यस गण्डकी गाउँपालिका अन्तरगतका विद्यालयहरु तथा समुदायहरुमा वातावरण संरक्षण तथा स्वास्थ्य सम्वन्धी विभिन्न परियोजनाहरु संचालन गर्नको लागी वातावरण संरक्षण शिविरले अनुमति माग गरेको हुदा उक्त संस्थालाई कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७४

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष